## निरीक्षण पुस्तिकाः जिल्ला प्रहरी कार्यालय, जाजरकोट

आज मिति २०७९ असार २४ गते शुक्रबार जिल्ला प्रहरी कार्यालय जाजरकोटमा रहेको हिरासत कक्षको अनुगमन तथा निरीक्षण गरियो । उच्च सरकारी वकील कार्यालय, सुर्खेतबाट हिरासतको अनुगमन गरी थुनुवाको अवस्था पहिचान गर्ने हेतुले आवधिक रुपमा गरिने यस निरीक्षणका क्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख, सुरक्षाकर्मी र थुनुवासँग हिरासत कक्षभित्रै अन्तरक्रिया गरियो । अनुगमनका क्रममा थुनुवासँग सोधपुछ गरी राखेका जिज्ञाशाको सम्बोधन गर्ने प्रयास गरियो । अनुगमनका क्रममा हिरासत र थुनुवाका सम्बन्धमा देहायका सवालमा सुधार गर्नुपर्ने अवस्था पहिचान गरियो ।

**क) सबल पक्षः**

१. थुनुवालाई निजका आफन्त र कानुन व्यवसायीले प्रत्येक दिन निश्चित समय भेटघाट र परामर्श गर्ने प्रवन्ध गरेको पाइयो । भेटघाट गर्ने निश्चित समयको अवधी सूचना पाटीमा सबैले देख्ने स्थानमा राखेको पाइयो ।

२. महिला र पुरुषका लागि अलग अलग हिरासत कक्ष रहेको पाइयो ।

३. हिरासतमा लिंदा र हिरासतबाट छोड्दा स्वास्थ्य परिक्षण गर्ने गरेको पाइयो ।

४. थुनुवा बिरामी हुँदा अस्पताल लगी तत्काल उपचारको प्रबन्ध गर्ने गरेको पाइयो ।

५. अभियुक्तले भनेको कुरा नै बयानमा लेख्ने गरेको पाइयो ।

६. संहिताको व्यवस्था अनुसार अदालतबाट पक्राउ पुर्जी लिएर मात्र शंकितलाई पक्राउ गर्ने गरिएको, अत्यावश्यक अवस्थामा जरुरी पक्राउ पूर्जी जारी गरी पछि अदालतबाट समर्थन गराउने गरिएको, वयान गराउँदा कानुन बमोजिम शंकितले पाउने मौलिक तथा स्वच्छ सुनुवाईका हकहरुको कार्यान्वयनमा सजगता अपनाएको पाईयो ।

७. हिरासत कक्षका गतिविधीहरुको सिसिटिभीबाट निगरानी गर्ने गरिएको पाइयो । वरिष्ठ प्रहरी नायब निरीक्षकलाई हिरासत व्यवस्थापन अधिकृत तोकी निजको कमाण्डमा हिरासत कक्षको सुरक्षा व्यवस्थापन गरेको पाइयो ।

८. हिरासतको अनुगमन र निरीक्षण अवधिमा दीर्घरोगी, नाबालिग विज्याइँकर्ता वा आश्रित बालबालिका रहेको पाइएन ।

**ख) सुधार गर्नुपर्ने पक्षः**

१. पुरानो भवनमा हिरासत कक्ष साँघुरो र पुरुष हिरासत कक्षमा एउटा मात्र झ्याल भएकाले पर्याप्त प्रकाश र हावाको व्यवस्था नभएको पाइयो । हिरासत कक्षमा ओढने ओछ्याउने कपडा र समग्र हिरासत कक्षको सरसफाईमा ध्यान दिनुपर्ने देखियो ।

२. नयाँ हिरासत कक्ष निर्माण गर्दा महिला, पुरुष, तेस्रो लिङ्गी र निगरानी कक्ष छुट्टा छुट्टै निर्माण गरी सौचालय र स्नान घर सोही कक्ष भित्र हुने गरी पर्याप्त हावा र प्रकाश छिर्ने गरी आवश्यक क्षमताको पहिचान गरी फराकिलो हिरासत कक्ष, भेटघाट कक्ष

र सुरक्षाको उचित प्रबन्ध गर्ने गरी निर्माण गर्नुपर्ने देखियो । यसका लागि सम्बन्धित निकायबाट बजेटका लागि पहल गर्नुपर्ने देखियो ।

३. थुनुवा भेटन आउने आफन्त र कानुन व्यवसायीका लागि बेग्लै भेटघाट कक्षको प्रबन्ध गर्नुपर्ने देखियो ।

४. हिरासतमा थुनुवालाई भेटघाट गर्न आउने व्यक्तिहरुका लागि सहजिकरण गर्न छुट्टै हिरासत सहायता कक्ष सञ्चालन गरी थुनुवालाई भेटन आउने कानुन व्यवसायीहरुको छुट्टै अभिलेख राखुपर्ने देखियो ।

हिरासत कक्ष व्यवस्थापनका लागि उल्लिखित पूर्वाधारका समस्या सरकारी लगानी र बजेट निर्धारणसँग सम्बन्धित छन् । यी मध्ये पूर्वाधार र क्षमताविस्तारका बारेमा जिल्ला प्रशासन कार्यालय, प्रहरी प्रधान कार्यालय र गृह मन्त्रालयले सक्रियता देखाउनुपर्ने देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयले समेत प्राप्त प्रतिवेदनको आधारमा सम्वन्धित सरोकारवाला निकायहरुसँग वार्तामार्फत समस्या समाधानका लागि तदारुकता देखाउनुपर्ने आवश्यकता देखिन्छ ।

अन्तमा, हिरासत अनुगमन कार्यमा सहयोग पुर्याउनु हुने जिल्ला प्रहरी कार्यालय जाजरकोटका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक श्री सन्तोष निरौला र प्रहरी निरीक्षक श्री पुष्करराज पन्त लगायत कार्यालयका सुरक्षाकर्मीलाई धन्यवाद ज्ञापन गर्दछौं ।

अनुगमनकर्ता

उच्च सरकारी वकील कार्यालय, सुर्खेतका सहन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल

सहयोगी सरकारी वकील

जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटका जिल्ला न्यायाधिवक्ता श्री उमाकान्त पौडेल

उच्च सरकारी वकील कार्यालय, सुर्खेतका उपन्यायाधिवक्ता श्री नगेन्द्र लम्साल

सहयोगी कर्मचारी

जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटका नायव सुब्बा श्री नारायणप्रसाद पौडेल

पर्यविक्षक

जिल्ला अदालत बार एशोसिएशन जाजरकोटका सचिव अधिवक्ता श्री छविराज शर्मा –

२०६९।३।२४

निरीक्षण प्रतिवेदन बारे जानकारी प्राप्त भयो ।

प्र.नि.
२०६९।०३।२४
पुष्करराज पन्त

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय
जाजरकोट